**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# व्याकरणात्मक कोटिका आधारमा दार्चुलेली र नेपाली भाषाको तुलना

गोकर्ण जोशी
दर्शनाचार्य शोधार्थी, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: gokarnaj8676@gmail.com

**Article History: Received:** 28 August 2021; **Revised:** 26 November 2021; **Accepted:** 28 November 2021

**लेखसार**

भाषा जनसम्पर्कको भरपर्दो र प्रभावकारी साधन हो । नेपाल बहुभाषिक मुलुक हो । यहाँ बोलिने भाषाहरूमध्ये दार्चुलेली भाषा सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाको अधिकांश भाग र उक्त प्रदेशको बाँकी भागमा केही मात्रामा सामाजिक सम्पर्क भाषाका रूपमा प्रयोग गरिन्छ । नेपाली भाषा सबैभन्दा बढी वक्ताले बोल्ने सम्पर्क र सरकारी कामकाजको भाषा हो । नेपाली भाषा नेपाल लगायत विश्वका विभिन्न देशहरूमा बोलिन्छ। प्रस्तुत लेखको उद्देश्य नेपाली भाषा र दार्चुलेली भाषाको व्याकरणात्मक कोटिको तुलना गर्नु रहेको छ । उल्लिखित उद्देश्य पूर्तिका लागि गुणात्मक अनुसन्धान विधिको उपयोग गरी तुलनात्मक भाषाविज्ञानको समकालिक पद्धति अनुरूप व्याकरणात्मक कोटिका आधारमा नेपाली भाषा र दार्चुलेली भाषाको तुलनात्मक अध्ययन गरिएको छ। यस लेखका लागि दार्चुलेली मातृभाषी वक्ताबाट प्राथमिक सामग्री सङ्कलनका साथै भाषा, व्याकरण र भाषाविज्ञानका सैद्धान्तिक पुस्तकहरूलाई उपयोग गरी द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको छ। उल्लिखित सन्दर्भ अनुसार यस अध्ययनमा व्याकरणिक कोटिका आधारमा मानक नेपाली भाषासित दार्चुलेली भाषाको तुलनात्मक अध्ययन गर्दा पुरुष, कारक, काल, पक्ष, भाव, वाच्यमा व्याकरणिक भिन्नता छैन । यद्यपि शब्दगत, ध्वन्यात्मक तथा रूपगत आधारमा पर्याप्त भिन्नता रहेको पाइन्छ। दार्चुलेली भाषाको आदरार्थी भेदक विशेषणमा लिङ्गभेद रहेको छैन भने निर्जीव वस्तुसँग आउने क्रियापदमा (जस्तै : दाल पाकी, हुक्का फुटी, टोपी झडी लगायत) लिङ्गभेद रहेको छ। दार्चुलेली भाषामा आदरका दुई तह मात्रै रहेका छन् भने बहुवचनबोधक कोटिकर 'हरू' को सट्टामा 'राठ', 'न' र 'तनुन' कोटिकरको प्रयोग पाइन्छ । उक्त प्रयोग नेपाली भाषामा पाइँदैन । प्रस्तुत लेखबाट भाषा र व्याकरणका क्षेत्रमा चासो राख्ने शिक्षक, विद्यार्थी, अनुसन्धाताका लागि उपयोगी हुने अपेक्षा राखिएको छ ।

***मुख्य शब्दावली :*** जनसम्पर्क, मातृभाषी, व्याकरणिक कोटि, सङ्कटापन्न, सापेक्षता

## परिचय

नेपाल बहुभाषिक मुलुक हो । नेपालको संविधानको भाग १ धारा ३ मा 'राष्ट्र' को परिभाषा गर्ने क्रममा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेका

*Copyright 2021 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भनी प्रस्तुत गरिएको छ । साहित्य तथा अध्ययनीय सामग्री यथेष्ट मात्रामा विकास भइसकेको नेपाली भाषा नेपालभरि र नेपालबाहिर भारत, भुटान बङ्गलादेशका विभिन्न क्षेत्रमा सामाजिक सम्पर्क भाषाका रूपमा स्थापित भाषा हो । वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा १२३ भाषा मातृभाषाका रूपमा बोलिन्छन् । भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७६/२०७७) का अनुसार नेपालमा राना थारु, नुर्बी (लार्के), नार फु, चुम (स्यार), पोइके, सेराके (सेके), मारेक याक्का, नावा शेर्पा गरी थप ८ ओटा भाषा पहिचान भएपश्चात् नेपालमा मातृभाषाका रूपमा बोलिने भाषाहरूको सङ्ख्या १३१ पुगेको छ । "२०६८ को जनगणना अनुसार नेपाली मातृभाषी वक्ताहरूको सङ्ख्या १,१८,२६,९५३ अर्थात् कुल जनसङ्ख्याको ४४.६३% देखिएको छ" (पौडेल र भट्टराई, २०७७, पृ. २६१) । नेपाली भाषा विकसित भाषा हो । "नेपालमा प्रयोगयोग्य भाषाहरूमध्ये १० हजारसम्म वक्ता सङ्ख्या भएका भाषाहरूलाई सङ्कटापन्नको कोटिमा राख्नु उपयुक्त हुन्छ" (पौडेल र भट्टराई, २०७७, पृ. २६७) । २०६८ को जनगणना अनुसार दार्चुलेली मातृभाषी वक्ताहरूको सङ्ख्या ५,९१२ जना रहेको छ । यस हिसाबले दार्चुलेली भाषालाई सङ्कटापन्न भाषाको सूचीमा राख्न सकिन्छ ।

प्रस्तुत अध्ययन मानक नेपाली भाषाको व्याकरणिक कोटिका सापेक्षतामा सङ्कटापन्न दार्चुलेली भाषाका व्याकरणिक कोटिमा केन्द्रित छ । भाषाका विभिन्न भेदहरूमध्ये प्रयोग प्रचलनमा स्वीकार्य भेद मानकरूप हो । "भाषाको मानकीकरण एक प्रक्रिया हो, जसले भाषा रूपको स्तरमा 'विभिन्नतामा एकता' ल्याउने प्रयास गर्दछ" ( श्रीवास्तव, सन् २०१०, पृ.३३) । व्याकरणिक कोटि अङ्ग्रेजीको 'ग्रामेटिकल क्याटेगोरी' शब्दको अनुवाद हो । "अङ्ग्रेजीको 'क्याटेगोरी' शब्द ग्रिक भाषाबाट लिइएको हो, यसको अर्थ 'पूर्व कथन' भन्ने हुन्छ" (लायन्स, १९७१, पृ. २७०) । "परस्परमा समानता पाइने पदहरूलाई एउटा वर्गमा र परस्परमा भिन्नता पाइने शब्दहरूलाई अर्कै वर्गमा राखेर पदहरूलाई वर्गीकरण गर्न सकिन्छ । पदका यस्ता वर्गलाई व्याकरणात्मक कोटि, वाक्यात्मक कोटि, पदवर्ग वा पद विभाग भनिन्छ" (यादव र रेग्मी, २०५८, पृ. १८९ र १९०) । यादव र रेग्मीले पदहरूको आपसी समानताका आधारमा व्याकरणिक कोटिलाई विभाजन गर्न सकिने चर्चा गरेका छन् । "व्याकरणात्मक कोटिहरू ती हुन् जो वक्तव्यसँग सम्बन्धित उपर्युक्त विशेष अर्थ थप्नका लागि भाषाविशेषमा विभिन्न किसिमले प्रयुक्त हुन्छन्" (बन्धु, २०६६, पृ. ७२) । "वाक्यात्मक संरचनामा प्रयुक्त पदअन्तर्गत आएका कोशीय कोटिबाहेकका भाषिक रूप (रूपायक प्रत्यय) ले सङ्केत गर्ने लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, भाव, वाच्य र आदर व्याकरणात्मक कोटि हुन्" (गौतम र चौलागाई, २०७०, पृ. १८८) । गौतम र चौलागाईले उल्लेख गरेका व्याकरणात्मक कोटिका आधारमा नेपाली भाषा र दार्चुलेली भाषाको चर्चा यस लेखमा गरिएको छ ।

व्याकरण प्रयोगका हिसाबले दार्चुलेली भाषाको अवस्था कस्तो छ ? व्याकरणिक कोटिका आधार मा दार्चुलेली र नेपाली भाषामा के कस्ता समानता र असमानता छन् ? उल्लिखित यिनै समस्याहरूमा केन्द्रित रहेर दुई भाषाको समीक्षात्मक विश्लेषण गरी नेपाली भाषाका सापेक्षतामा दार्चुलेली भाषाको व्याकरणिक कोटि सम्बन्धी व्यवस्था पत्ता लगाउनु यस अध्ययनको मूलभूत उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार पार्ने क्रममा द्वितीयक सामग्री सङ्कलन गरी मानक नेपालीका वाक्य सङ्कलन गरिएको छ भने दार्चुलेली मातृभाषी वक्ताहरूलाई सूचक बनाई प्राथमिक सामग्री सङ्कलन गरिएको छ । व्याकरणिक कोटिहरूको व्याख्या विश्लेषणका लागि द्वितीयक स्रोतका रूपमा विभिन्न लेख रचना, व्याकरण र भाषाविज्ञानसित सम्बन्धित सैद्धान्तिक पुस्तकहरूको अध्ययन गरी पुस्तकालयीय अध्ययन प्रक्रियामार्फत नेपाली भाषाका व्याकरणात्मक कोटिलाई आधार मानी दार्चुलेली वक्तामार्फत वाक्यहरू निर्माण गर्न लगाई यो अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा मानक नेपाली भाषाका केही वाक्यहरू सङ्कलन गरी ती वाक्यहरू दार्चुलेली मातृभाषी वक्ताहरूलाई प्रयोग गर्न लगाइएको छ । त्यसपछि मानक नेपाली र दार्चुलेली भाषाका वाक्यहरूलाई द्विभाषिक वक्तामार्फत सत्यापन र शुद्धता कायम गरी तिनमा देखिएको व्याकरणिक कोटिगत समानता र असमानताको चर्चा गरिएको छ । यस क्रममा तालिका बनाई बायाँतिर मानक नेपाली भाषाका वाक्य र दायाँतिर दार्चुलेली भाषाका वाक्यहरू राखी त्यहाँ देखिएका समान र असमान पक्षलाई तुलनात्मक रूपमा देखाइएको छ ।

## सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा

यो अध्ययन मानक नेपाली भाषा र दार्चुलेली भाषामा प्रयुक्त व्याकरणिक कोटिको तुलनासँग सम्बन्धित छ । भाषाहरूको तुलनात्मक अध्ययनको प्रारम्भ विदेशी विद्वान्हरूबाट भएको हो । “फ्रान्ज बोपको सन् १८१६ मा प्रकाशित आफ्नो एउटा कृतिमा संस्कृत, ग्रिक, ल्याटिन जर्मन र फ्रान्सेली भाषाका क्रियाहरूको तुलना गरे । त्यसैले उनलाई तुलनात्मक भाषाविज्ञानका पिता मानिन्छ” (बन्धु, २०७०, पृ. ३१) । त्यसपछि क्रमिक रूपमा दुई वा दुईभन्दा बढी भाषाको तुलनात्मक अध्ययनको कार्यले प्राथमिकता पाउन थाल्यो । यसै क्रममा “बिडेस र डेलब्रुकले Syntaktische forshungen (सन् १८७१-८८) मा तुलनात्मक भाषाविज्ञानको अध्ययन गर्न प्रारम्भ गरे (गुणे, सन् २०१८, पृ.६४) । तुलनात्मक भाषाविज्ञानलाई प्रारम्भमा तुलनात्मक भाषाशास्त्र (कम्पेरेटिभ फिलोलोजी) नाम दिइयो । “यसले एकै समयमा दुई वा सोभन्दा बढी भाषाको तुलना तथा एउटै भाषाको पनि विभिन्न कालका भाषाको तुलनात्मक अध्ययन गर्ने कार्यको थालनी गर्‍यो” (गौतम र चौलागाई, २०७०, पृ. ३१४) । “तुलनात्मक भाषाविज्ञान तुलनामा विशेष जोड दिने भाषाविज्ञानको छुट्टै शाखा हो” (बन्धु, २२०७७, पृ. १६९) । यसले दुई भाषामा रहेका समानता र असमानको पहिचानमा सघाउ पुर्‍याउँछ । “तुलनात्मक पद्धति भनेको विभिन्न भाषाहरूमा अथवा एउटै भाषाका विभिन्न भाषिकाका बिच तुलना गर्न र ती भाषा वा भाषिकाका बिचको सम्बन्धबारे निर्णयमा पुग्ने पद्धति हो” (बन्धु, २०७७, पृ. १६९) । यही आधारमा अध्ययन गर्न तुलनात्मक भाषाविज्ञानको सैद्धान्तिक आधार अवलम्बन गरी व्याकरणात्मक को टिका आधारमा नेपाली र दार्चुलेली भाषाको तुलना गरिएको छ ।

यस अध्ययनमा नेपाली र दार्चुलेली भाषाको तुलना गरी समानता र असमानता पहिचान गरिएको छ । यी दुई भाषामा देखिएका भिन्नताका आधारमा सम्भाव्य त्रुटिको पूर्वानुमान गरिएको छ । अध्ययनपश्चात् प्राप्त शब्दगत र व्याकरणिक त्रुटिको विश्लेषण गर्दै निष्कर्षमा पुग्ने काम भएको छ ।

**व्याख्या विश्लेषण**

व्याकरणात्मक कार्यअन्तर्गत आउने प्रत्ययद्वारा गरिएका लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, कारक आदिलाई नै व्याकरणात्मक कोटि भनिन्छ (बन्धु, २०७३, पृ. ७२) । त्यसैगरी पौड्याल (२०७६) का अनुसार व्याकरणिक कोटिका सम्बन्धमा निम्नलिखित तीन कुरा उल्लेखनीय छन् :

(१) प्रत्येक भाषामा शब्द निर्माण र रचना पद्धतिमा भेद हुन्छ । संस्कृत, अरबी, चिनियाँ, अङ्ग्रेजी आदि भाषाको रचना पद्धति भिन्न छ ।

(२) प्रत्येक भाषाको व्याकरणिक कोटि कालसापेक्ष हुन्छ । कालक्रमअनुसार यस्ता कोटिमा परिवर्तन हुन्छ । जस्तै संस्कृतमा तीन लिङ्ग र तीन वचनका स्थानमा प्राकृत र अपभ्रंशमा दुई लिङ्ग र दुई वचन शेष रहेका छन् ।

(३) प्रत्येक भाषाको गठनको आधारमा व्याकरणिक कोटिहरूको निर्माण र वर्गीकरण गरिन्छ । यसकै आधारमा विवेचन र विश्लेषण गरिन्छ तथा नयाँ शब्द निर्माणमा यिनबाट सहायता लिइन्छ । "भाषा सामग्रीका ध्वनि अर्थात् अर्थ वा दुवैका कारण निर्मित विभिन्न वर्गमा हुने साहचर्य नै सादृश्यमूलक परिवर्तनको आधार हो" (गुणे,सन् २०१८, पृ.५१) । उल्लिखित विभिन्न विद्वान्हरूका मतलाई बिशेष महत्वका साथ लिदै प्रस्तुत अध्ययनमा बन्धुद्वारा सङ्केत गरिएका व्याकरणिक कोटिलाई छुट्टाछुट्टै रूपमा व्यावहारिक उदाहरणसहित दार्चुलेली भाषा र नेपाली भाषामा प्रस्तुत गरिएको छ । दार्चुलेली र नेपाली दुवै भाषामा प्रस्तुत गर्ने क्रममा देखिएका समानता र भिन्नता स्पष्ट पार्न खोजिएको छ । त्यसका साथै दार्चुलेली मातृभाषी वक्ताले नेपाली भाषाको प्रयोग व्यवहार गर्दा देखिन सक्ने त्रुटिलाई समेत केलाउने कोसिस गरिएको छ ।

**लिङ्ग**

लिङ्ग नामसँग सम्बद्ध व्याकरणात्मक कोटि हो । "यसले सामान्यतया भाले र पोथीलाई छुट्याउँछ तापनि सर्वत्र सर्वदा यस्तो हुँदैन र कुनै भाषाका स्त्रीलिङ्गी शब्द पोथी जातिलाई नजनाउने पनि छन्" (बन्धु, २०७३, पृ. ७३) । सामान्यतया लिङ्गले भाले र पोथीलाई छुट्याए पनि सबै भाषाका सबै अवस्थामा त्यो नियम लागु नहुन पनि सक्छ । "जुनसुकै भाषाका वाक्यमा नामसँग अर्को कुनै शब्द (सर्वनाम, विशेषण, कोटिकार, सम्बन्धपद र क्रिया) को पदसङ्गतिका भेदले जति किसिमको अर्थभेद देखिन्छ, त्यसलाई लिङ्ग भन्दछन्" (पोखरेल, २०५६, पृ. ८७) । नामसँग अर्को कुनै पदवर्गको सङ्गतिको भेदले देखिने अर्थ भेदलाई लिङ्ग भनिन्छ । "लिङ्ग नाम पदको भाले र पोथी बुझाउने व्याकरणिक अभिलक्षण हो । परम्परागत नेपाली व्याकरणले लिङ्गलाई यसरी नै चिनाएको छ" (यादव र रेग्मी, २०५८, पृ. १९९) । लिङ्गले भाले जाति, पोथी जाति र निर्जीवलाई जनाउँछ । नेपाली र दार्चुलेली भाषामा लिङ्ग दुई (पुलिङ्ग र स्त्रीलिङ्ग) प्रकारका छन् । नेपाली र दार्चुलेली दुवै भाषामा मूलतः नाम, विशेषण र क्रियापदमा लिङ्ग भेद रहेको छ ।

तालिका १

*लिङ्ग व्यवस्थाका आधारमा दार्चुलेली र नेपाली भाषा*

| शब्दवर्ग | नेपाली भाषा | | दार्चुलेली भाषा | |
|---|---|---|---|---|
| | व्याकरणिक कोटि | | व्याकरणिक कोटि | |
| | पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
| नाम | छोरो सुत्यो ।<br>केटो गयो । | छोरी सुती ।<br>केटी गई । | चेलो सियो ।<br>चेलबेटो गयो । | चेली सी ।<br>चेलबेटी गै । |
| विशेषण | अग्लो मान्छे आयो ।<br>मेरा बुबा आउनुभयो । | अग्ली मान्छे आई ।<br>मेरी आमा आइन् । | लामो मान्स्यु आयो ।<br>मेरा बाबा आया । | लामी मान्स्यु आइ ।<br>मेरा इजा आया । |
| क्रियापद | भाइ पढ्छ ।<br>भात पाक्यो । | बहिनी पढ्छे ।<br>दाल पाक्यो । | भाप्पा पडुन्छ ।<br>भात पाक्यो । | बैनी पडुन्छी ।<br>दाल पाकी । |

माथि प्रस्तुत तालिकामा लिङ्गको अभिव्यक्ति नाममार्फत हुँदा नेपाली भाषामा प्रयुक्त नाम छोरा र छोरीलाई दार्चुलेली भाषामा चेलो र चेली भनिएको छ । जुन नेपाली भाषाको पर्यायवाची नामिक शब्द नै हो । त्यसैगरी दोस्रो वाक्यमा नेपाली भाषामा प्रयुक्त 'केटो गयो' र 'केटी गई' वाक्यलाई दार्चुलेली भाषामा क्रमशः 'चेलबेटो गयो' र 'चेलबेटी गै' प्रयोग भएको छ । जहाँ नामिक शब्दमै अन्तर देखापरेको छ । यहाँ केटोलाई चेलबेटो र केटीलाई 'चेलबेटी' नामिक शब्दको प्रयोग भएको छ ।

लिङ्गको अभिव्यक्ति विशेषणमार्फत हुँदा नेपाली भाषामा प्रयुक्त 'अग्लो मान्छे' र 'अग्ली मान्छे' लाई क्रमशः 'लामो मान्स्यु' र 'लामी मान्स्यु' भनिएको छ । त्यसैगरी नेपाली भाषामा 'मेरो बुवा' र 'मेरी आमा' लाई दार्चुलेली भाषामा क्रमशः 'मेरा बाबा' र 'मेरा इजा' को प्रयोग भएको छ । यहाँ नेपाली भाषामा भेदक विशेषणमा लिङ्ग भेद पाइन्छ तर दार्चुलेली भाषामा आदरसूचक नामका लागि भेदक विशेषणको प्रयोग हुँदा लिङ्ग भेद हुँदैन । त्यसैले दार्चुलेली मातृभाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा आदरसूचक भेदक विशेषण लिङ्गभेद नगरी त्रुटि गर्ने सम्भावना रहन्छ ।

लिङ्गको अभिव्यक्ति क्रियापदमार्फत हुँदा नेपाली भाषामा 'भाइ पढ्छ' र 'बहिनी पढ्छे' लाई दार्चुलेली भाषामा क्रमशः 'भाप्पा पडुन्छ' र 'बैनी पडुन्छी' भनिएको छ । नेपाली भाषामा प्रयोग भएका 'पढ्छ' र 'पढ्छे' क्रियापदलाई दार्चुलेलीमा 'पडुन्छ' र 'पडुन्छी' भनिने हुँदा दार्चुलेली मातृभाषीले क्रियापदको प्रयोगमा त्रुटि गर्ने सम्भावना हुन्छ । त्यसैगरी नेपाली भाषामा 'भात पाक्यो' र 'दाल पाक्यो' लाई दार्चुलेली भाषामा क्रमशः 'भात पाक्यो' र 'दाल पाकी' प्रयोग हुने हुँदा यहाँ मानक नेपाली प्रयोगमा त्रुटि हुने सम्भावना हुन्छ । दार्चुलेली भाषाको आदरार्थी भेदक विशेषणमा लिङ्गभेद रहेको छैन भने निर्जीव वस्तुसँग आउने क्रियापदमा अधिकांश ठाउँमा लिङ्गभेद रहेको छ; जुन कुरा मानक नेपालीको व्याकरणसित असमान रहेको छ ।

**वचन**

संस्थासँग सम्बन्धित व्याकरणिक कोटिलाई वचन भनिन्छ । "वचन नाम पदको संख्या बुझाउने व्याकरणिक अभिलक्षण हो" (यादव र रेग्मी, २०५८, पृ. १९९) । "वचनका आधारमा कुनै नामपदको सङ्ख्या कति हो ? भन्ने बुझिन्छ । त्यसैले सङ्ख्यासँग सम्बन्धित व्याकरणक कोटिलाई वचन भनिन्छ" (भुसाल, २०७१, पृ. १२०) । "भाषाको प्रकृतिअनुसार भाषामा वचनको सङ्ख्या र व्यवस्थामा विविधता पाइन्छ । नेपाली, हिन्दी, अङ्ग्रेजी भाषामा एकवचन र बहुवचन गरी वचनका दुई प्रकार रहेका छन् भने संस्कृत राई, लिम्बू भाषामा एकवचन, द्विवचन र बहुवचन गरी वचनका तीन प्रकार रहेका छन् " (भुसाल, २०७१, पृ. १२०) । दार्चुलेली भाषामा पनि एकवचन र बहुवचन गरी वचन दुई प्रकारका छन् । यी दुई भाषाका सन्दर्भमा वचनको अभिव्यक्ति नाम, सर्वनाम, विशेषण र क्रियाबाट हुन्छ ।

तालिका २

*वचन व्यवस्थाका आधारमा नेपाली र दार्चुलेली भाषा*

| **शब्दवर्ग** | **नेपाली भाषा** | | **दार्चुलेली भाषा** | |
|---|---|---|---|---|
| | **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| नम | बहिनी आई ।<br>भाइ आयो । | बहिनीहरू आए ।<br>भाइहरू आए । | बैनी आई ।<br>बुना आयो । | बैनीन् अया ।<br>बुनाराठ आया । |
| सर्वनाम | म खान्छु ।<br>तिमी घर जाऊ । | हामी खान्छौँ ।<br>तिमीहरू घर जाऊ । | मुई खान ।<br>तुई घर झा । | ह्मुन खानु ।<br>तमुन घर झा । |
| विशेषण | राम्रो मान्छे आयो ।<br>जेठो दाइ गयो । | राम्रा मान्छे आए ।<br>जेठा दाइहरू जानुभयो । | निको मान्स्यु आयो ।<br>जेठो दादा गयो । | निका मान्स्यु आया ।<br>जेठा दादाराठ गया । |
| क्रियापद | भाइ पढ्छ ।<br>राम खेल्छ । | भाइहरू पढ्छन् ।<br>रामहरू खेल्छन् । | भाप्पा पढुन्छ ।<br>राम खेलुन्छ । | भाइराठ पठ्ठान पड्डान ।<br>रामतुनुन खेल्लान । |

माथि प्रस्तुत तालिकामा वचनको अभिव्यक्ति नाममार्फत हुँदा नेपाली भाषामा एकवचन र बहुवचनका लागि क्रमशः 'बहिनी आई' र 'बहिनीहरू आए' प्रयोग भएको छ । उल्लिखित वाक्यहरूलाई दार्चुलेली भाषामा क्रमशः 'बैनी आइ' र 'बैनीन आया' प्रयोग भएको छ । नेपाली भाषामा बहिनीको बहुवचनका लागि 'हरू' सर्गको प्रयोग भएको छ भने दार्चुलेली भाषामा 'बैनी' लाई बहुवचन बनाउन 'न' सर्गको प्रयोग भएको छ । त्यसैगरी नेपाली भाषामा 'भाइ आयो' भन्ने वाक्यलाई बहुवचन बनाउन 'भाइहरू आए' प्रयोग भएको छ भने दार्चुलेली भाषामा 'बुना आयो' लाई बहुवचन बनाउन 'बुनाराठ आया' प्रयोग भएको छ । यहाँ दार्चुलेली भाषामा बुना आयोलाई बहुवचन बनाउन 'बुना' सित 'राठ'

सर्ग जोडिएको छ । दार्चुलेली भाषामा बहुवचन बनाउने सर्गका रूपमा 'हरू' को सट्टा 'न', 'राठ' प्रयोग हुने हुँदा दार्चुलेली मातृभाषीले यस ठाउँमा त्रुटि गर्ने सम्भावना हुन्छ ।

वचनको अभिव्यक्ति सर्वनाममार्फत गर्दा नेपाली भाषामा 'म खान्छु' को वहुवचन 'हामी खान्छौँ' र 'तिमी घर जाऊ' को बहुवचन 'तिमीहरू घर जाऊ' भएको छ । यिनै वाक्यहरूलाई दार्चुलेली भाषामा अनुवाद गर्दा क्रमशः 'मुइ खान' को 'हमुन खानु' र 'तुइ घर झा' को 'तमुन घर झा' हुन्छ । यसप्रकार वचनको अभिव्यक्ति सर्वनाममार्फत गर्दा एकवचन 'म' र 'तिमी' लाई बहुवचनमा परिवर्तन गर्दा क्रमशः 'हामी' र 'तिमीहरू' हुन्छ भने दार्चुलेली भाषामा 'मुई' र 'तुई' एकवचनलाई बहुवचनमा परिवर्तन गर्दा क्रमशः 'हमुन' र 'तमुन' हुन्छ । यहाँ 'मुई' र 'तुई' मा 'न' सर्ग लागेर बहुवचन भएको हुँदा दार्चुलेली मातृभाषी वक्ताले नेपाली भाषाको प्रयोगमा त्रुटि गर्ने सम्भावना रहन्छ ।

वचनको अभिव्यक्ति विशेषणमार्फत गर्दा नेपाली भाषामा एकवचन 'राम्रो मान्छे' र 'जेठो दाइ' लाई वहुवचनमा परिवर्तन गर्दा क्रमशः 'राम्रा मान्छे' र 'जेठा दाइहरू' हुन्छ । प्रस्तुत वाक्यहरूलाई दार्चुलेली भाषामा अनुवाद गर्दा एकवचन 'निको मान्स्यु' र 'जेठो दादा' लाई वहुवचनमा परिवर्तन गर्दा क्रमशः 'निका मान्स्यु' र 'जेठा दादान' हुन्छ । यसरी सर्वनाममार्फत वचनको अभिव्यक्ति गर्दा नेपाली भाषाका 'राम्रो', 'राम्रा' विशेषणलाई क्रमशः 'निको', 'निका' को प्रयोग पाइन्छ ।

भाषामा वचनको अभिव्यक्ति क्रियामार्फत गर्दा नेपाली भाषामा एकवचन 'भाइ पढ्छ' र 'राम खेल्छ' लाई बहुवचन बनाउँदा क्रमशः 'भाइहरू पढ्छन्' र 'रामहरू खेल्छन्' हुन्छ । दार्चुलेली भाषामा वचनको अभिव्यक्ति क्रियामार्फत गर्दा एकवचन 'भाप्पा पडुन्छ' र 'राम खेलुन्छ' लाई बहुवचनमा परिवर्तन गर्दा क्रमशः 'भाइराठ पड्डान' र 'रामतुनुन खेल्लान' हुन्छ । यहाँ नेपाली भाषाका एकवचनमा प्रयुक्त क्रियापदहरू 'पढ्छ' र 'खेल्छ' लाई बहुवचनमा परिवर्तन गर्दा 'पढ्छन्' र 'खेल्छन्' हुन्छ भने दार्चुलेली भाषाको एकवचन क्रियापद 'पडुन्छ' र 'खेलुन्छ' लाई बहुवचनमा परिवर्तन गर्दा क्रमशः ' पड्डान' र 'खेल्लान' हुन्छ । यसरी नेपालीका क्रियापदलाई दार्चुलेलीमा परिवर्तन गर्दा 'पढ्छ' को पडुन्छ, 'खेल्छ' को खेलुन्छ, 'पढ्छन्' को पड्डान र 'खेल्छन्' को खेल्लान हुने हुँदा यी क्षेत्रमा दार्चुलेली मातृभाषीले त्रुटि गर्ने गर्छन् । वचन व्यवस्थाका आधारमा अध्ययन गर्दा नेपाली भाषामा वहुवचनबोधक सर्ग 'हरू' को ठाउँमा दार्चुलेलीमा 'राठ' र 'न' सर्गको प्रयोग पाइन्छ ।

**पुरुष**

कुराकानीका सन्दर्भमा बोल्ने वक्ता, सुन्ने श्रोता र विषयवस्तुलाई जनाउने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । "कुनै कुरो बोलेका बेलामा बोलचालका सहभागीहरूको परिस्थितिगत प्रकृति व्यक्त गर्ने व्याकरणिक कोटिलाई पुरुष भन्ने चलन छ" (पोखरेल, २०५४, पृ. १०२) । कुराकानी भइरहेका स्थानमा हेऱ्यौ भने त्यहाँ एकजना बोल्ने व्यक्ति, अर्को (वा अरूहरू) सुन्ने व्यक्ति र अर्को बोल्ने वा सुन्नेदेखि बाहेकको तेस्रो व्यक्ति (वा वस्तु वा कुनै अन्य नाम पद) स्पष्ट छुट्याउन सकिन्छ । "यीमध्ये तेस्रो पक्ष त्यहाँ उपस्थित नहुन पनि सक्छ । यिनलाई क्रमशः प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष भनिन्छ" (यादव र रेग्मी, २०५८, पृ. २०१) । यसरी वक्ता, श्रोता र विषयवस्तुलाई जनाउने व्याकरणिक कोटिलाई पुरुष

भनिन्छ । "अधिकांश भाषामा प्रथम, द्वितीय र तृतीय पुरुष गरी पुरुषका तीन प्रकार हुन्छन्"(भुसाल, २०७१, पृ. १२०) । दार्चुलेली भाषामा पनि पुरुष तीन प्रकारका छन् । यी दुवै भाषामा सर्वनाम र क्रियापदमा पुरुष भेद देख्न सकिन्छ ।

तालिका ३

*पुरुष व्यवस्थाका आधारमा दार्चुलेली र नेपाली भाषा*

| शब्दवर्ग | नेपाली भाषा | | | दार्चुलेली भाषा | | |
|---|---|---|---|---|---|---|
| | **प्रथम पुरुष** | **द्वितीय पुरुष** | **तृतीय पुरुष** | **प्रथम पुरुष** | **द्वितीय पुरुष** | **तृतीय पुरुष** |
| सर्वनाम | म गएँ । मेरो भाइ आयो । | तँ जा । तेरो भाइ आयो । | ऊ जाला । उसको भाइ आयो । | मुई गयो । मेरो भाप्पा आयो । | तुई झा । तेरो भाप्पा आयो । | ऊ झालो । उइको भाप्पा आयो । |
| क्रियापद | म खान्छु । मैले पढेको थिएँ । | तिमी खान्छौ । तिमीले पढेका थियौ । | ऊ खान्छ । उसले पढेको थियो । | मुइ खानु । मुइले पड्या थ्या । | तुई खान्छै । तुईले पड्या थे । | ऊ खान्यो, उइले पड्या थ्यो । |

माथि प्रस्तुत तालिकामा पुरुषको प्रस्तुति सर्वनाममार्फत गर्दा नेपाली भाषामा प्रथम पुरुषमा 'म गएँ', द्वितीय पुरुषमा 'तँ जा' र तृतीय पुरुषमा 'ऊ जाला' लाई दार्चुलेलीमा क्रमशः 'मुई गयो', 'तुई झा' र 'ऊ झालो' प्रयोग भएको पाइन्छ । यहाँ नेपाली भाषाको म, तँ, ऊ लाई दार्चुलेलीमा क्रमशः मुई, तुई र ऊ प्रयोग भएकाले मानक नेपाली भाषाको प्रयोग सन्दर्भमा दार्चुलेली मातृभाषी वक्ताले त्रुटि गर्ने सम्भावना रहन्छ । त्यसैगरी नेपाली भाषामा प्रयुक्त प्रथम पुरुषमा मेरो भाइ आयो, द्वितीय पुरुषमा 'तेरो भाइ आयो' र तृतीय पुरुषमा 'उसको भाइ आयो' लाई दार्चुलेली भाषामा क्रमशः 'मेरो भाप्पा आयो', 'तेरो भाप्पा आयो' र 'उईको भाप्पा आयो' प्रयोग भएको छ ।

वचनको प्रस्तुति क्रियापदमार्फत गर्दा नेपाली भाषामा प्रथम, द्वितीय र तृतीय पुरुषअन्तर्गत क्रमशः 'म खान्छु', 'तिमी खान्छौ' र 'ऊ खान्छ' लाई दार्चुलेली भाषामा क्रमशः 'मुई खान', 'तुई खान्छै' र 'ऊ खान्यो' प्रयोग भएको छ । त्यसैगरी नेपाली भाषामा 'मैले पढेको थिएँ', 'तिमीले पढेको थियौ' र 'उसले पढेको थियो'लाई दार्चुलेली भाषामा क्रमशः 'मुईले पड्या थ्या', 'तुइले पड्या थे' र 'उईले पड्या थ्यो' प्रयोग भएको पाइन्छ । यसरी वचनको प्रस्तुति क्रियापदमार्फत गर्दा नेपाली भाषाका क्रियापदभन्दा दार्चुलेली भाषाका क्रियापदमा रूपात्मक र ध्वन्यात्मक परिवर्तन देखापर्छ जसले गर्दा मानक नेपालीको प्रयोगमा दार्चुलेली मातृभाषी वक्ताले त्रुटि गर्ने हुन्छ ।

**आदर**

भाषिक सम्पर्कका सन्दर्भमा आदरभाव जनाउने व्याकरणात्मक कोटिलाई आदर भनिन्छ । "सम्मानसूचक व्याकरणिक कोटिलाई आदर भनिन्छ । आदर सर्वनाम तथा क्रियासितसम्बन्धित व्याकरणात्मक धारा हो" (गौतम र चौलागाई, २०७०, पृ. २०१) । भाषिक व्यवस्था बमोजिम आदर

जनाउन प्रयोग गरिने शब्द र सर्गमा विविधता हुन्छ । आदर मानवीय प्रसङ्गमा बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुन्छ । आदर मुख्यतः श्रोता (द्वितीय पुरुष) र अन्य सन्दर्भ (तृतीय पुरुष) मा व्यक्त हुन्छ । "यसका लागि श्रोता सन्दर्भमा आदरार्थी सर्वनामको र अन्य सन्दर्भमा चाहिँ सर्वनामका साथै आदर जनाउने नामको प्रयोग हुन सक्छ" (अधिकारी, २०७१, पृ. १०२) । आदरका कति तह हुने भन्ने कुरा भाषाको व्यवस्थामा भर पर्दछ । नेपाली भाषाका विभिन्न पुस्तकहरूमा आदरका प्रकारहरूमा समानता रहेको पाइँदैन । भुसाल (२०७१) ले नेपाली भाषामा सामान्य, मध्यम, उच्च र अत्युच्च गरी आदरका चार तह रहेको कुरा उल्लेख गरेका छन् । गौतम र चौलागाई (२०७०) ले पनि आदरका चार तह हाल प्रचलनमा रहेको उल्लेख गरेका छन् । अधिकारी (२०७१) आदरार्थीलाई यसमा निहित आदरको मात्रा अनुसार पाँच तहमा देखाउन सकिने उल्लेख गरेका छन् । उनले आदरका तहलाई मध्यम आदर, उच्च आदर, विशेष आदर, उच्चतर आदर र उच्चतम आदर गरी वर्गीकरण गरेका छन् । न्यौपाने र न्यौपाने (२०६३) का अनुसार नेपालीमा सामान्य, मध्यम वा स्नेही, उच्च, अत्युच्च र विशिष्ट गरी आदर का पाँच तह हुने कुरा उल्लेख गरिएको छ । पौडेल, भट्टराई र चौलागाईं (२०७७) ले नेपालीमा निम्न आदर, मध्यम आदर र उच्च आदर गरी आदरका तीन तह हुने उल्लेख छ । उल्लिखित विभिन्न विद्वान् हरूको मत हेर्दा वर्तमान नेपाली भाषाको चलनचल्ती स्वरूपमा आदरका तीन तह कायम गर्नु बढी सान्दर्भिक हुन्छ । दार्चुलेली भाषामा भने सामान्य आदर र उच्च आदर गरी आदरका दुई तह रहेका छन् । नेपाली र दार्चुलेली दुवै भाषामा सर्वनाम र क्रियापदबाट आदरार्थी भाव व्यक्त गर्न सकिन्छ :

तालिका ४

*आदर व्यवस्थाका आधारमा दार्चुलेली र नेपाली भाषा*

| **शब्दवर्ग** | **नेपाली भाषा** | | | **दार्चुलेली भाषा** | |
|---|---|---|---|---|---|
| | **आदरका तह** | | | **आदरका तह** | |
| | **निम्न आदर** | **मध्यम आदर** | **उच्च आदर** | **सामान्य आदर** | **उच्च आदर** |
| सर्वनाम | तँ गाउँछस् ।<br>तँ गाउँछेस्। | तिमी गाउँछौ ।<br>तिमी गाउँछ्यौ । | तपाईं<br>गाउनुहुन्छ । | तुई गन्छै ।<br>तुई गन्छी । | तम गन्छौ । |
| क्रियापद | तँ सन्चै छस्<br>तँ सन्चै छेस् ।<br>ऊ सन्चै छ । | तिमी सन्चै छौ ।<br>तिमी सन्चै छ्यौ ।<br>उनी सन्चै छन् । | तपाईं सन्चै<br>हुनुहुन्छ ।<br>उहाँ सन्चै<br>हुनुहुन्छ । | तुई निको छै ।<br>तुई निकी छै ।<br>ऊ निको छ । | तम निका छौ ।<br>उन निका छन् । |

"मानवीय नामका सट्टामा आएका सर्वनाममा मात्र आदरका तहहरू देखिन्छन् । मानवेतरमा आदर तटस्थ रहेको हुन्छ" (पौडेल, भट्टराई र चौलागाईं, २०७७, पृ.९३) । माथि प्रस्तुत तालिकामा आदर को प्रस्तुति सर्वनाम र क्रियापदमार्फत भएको पाइन्छ । आदरको प्रस्तुति सर्वनाममार्फत गर्दा नेपाली भाषामा निम्न आदरअन्तर्गत 'तँ गाउँछस्' वा 'तँ गाउँछेस्', मध्यम आदरअन्तर्गत 'तिमी गाउँछौ' वा '

तिमी गाउँछ्यौ' र उच्च आदरअन्तर्गत 'तपाईं गाउनुहुन्छ' प्रयोग भएको छ भने दार्चुलेली भाषामा सामान्य आदरमा 'तुई गन्छै' वा 'तुई गन्छी' र उच्च आदरमा 'तम गन्छौ' प्रयोग भएको छ । यहाँ नेपाली भाषामा प्रयुक्त तँ, तिमी सर्वनामको ठाउँमा दार्चुलेलीमा 'तुई' सर्वनाम प्रयोग भएको छ भने नेपाली भाषाको उच्च आदरार्थी 'तपाईं' लाई दार्चुलेली भाषामा 'तम' सर्वनाम प्रयोग भएको छ । यसरी हेर्दा दार्चुलेली मातृभाषीले आदरार्थी सर्वनामको प्रयोगमा त्रुटि गर्ने सम्भावना हुन्छ ।

आदरको प्रस्तुति क्रियापदमार्फत हुँदा नेपाली भाषामा निम्न आदरमा 'तँ सन्चै छस्' वा 'ऊ सन्चै छ' । मध्यम आदरमा 'तिमी सन्चै छौ' वा 'उनी सन्चै छन्' र उच्च आदरमा 'तपाईं सन्चै हुनुहुन्छ' वा 'उहाँ सन्चै हुनुहुन्छ' प्रयोग भएको छ भने दार्चुलेली भाषामा नेपालीका निम्न आदर र मध्यम आदरलाई सामान्य आदरअन्तर्गत राख्दै त्यसमा 'तुई निको छै' वा 'ऊ निको छ' को प्रयोग पाइन्छ । त्यसैगरी नेपाली भाषाको उच्च आदरलाई दार्चुलेली भाषामा पनि उच्च आदरकै तहमा राख्दै त्यसमा 'तम निका छौ' वा 'उन निकाइ छन्' प्रयोग भएको छ । यहाँ नेपाली भाषाको उच्च आदरार्थी क्रियापदमा प्रयुक्त 'हुनुहुन्छ' को ठाउँमा दार्चुलेली भाषामा 'छौ' वा 'छन्' क्रियापद प्रयोग हुने हुँदा दार्चुलेली मातृभाषी वक्ताले नेपाली भाषाको प्रयोगको क्रममा आदरार्थीमा त्रुटि गर्ने देखिन्छ । आदर व्यवस्थाको सन्दर्भमा नेपालीमा आदरका तह तीनदेखि पाँचसम्म देखिए पनि दार्चुलेली भाषामा आदरका दुई तह मात्रै देखिएका छन् ।

**कारक**

वाक्यमा प्रयुक्त नामपदको क्रियापदसँगको सम्बन्ध जनाउने व्याकरणात्मक कोटिलाई कारक भनिन्छ । "कारक वाक्यमा आउने नामपदको क्रियासँगको सम्बन्ध हो । यसलाई वाक्यमा नामपदको अर्थतात्विक भूमिकाका रूपमा पनि लिइन्छ" (यादव र रेग्मी, २०५९, पृ.२०२) । "नामिक पद र क्रियापदका बिचको सम्बन्ध जनाउने व्याकरणिक कोटिलाई कारक भनिन्छ" (भुसाल, २०७१, पृ.१२१) । "क्रियापदसँग सम्बन्धित हुने नाम पदअन्तर्गत आउने अर्थतात्विक सम्बन्धलाई कारक भनिन्छ" (लावती, २०७६, पृ.४०) । "वाक्यको बाह्य संरचनामा विभिन्न पद वा पदावलीहरूले कर्ता, कर्म, पूरक, क्रियायोगिक र क्रियापद भई आफूअनुसारको कार्य सम्पन्न गर्ने हुन्छन् तर उक्त कर्ता, कर्म आदि वाक्यात्मक कार्यको स्थानमा आएका पदहरूलाई गहिरिएर हेरेमा तिनमा खास किसिमका आर्थी सम्बन्ध वा अर्थगत भूमिकाहरूलाई मूलतः कारक भनिन्छ" (अधिकारी, २०७१, पृ. २११) । "क्रियासँग सम्बन्ध राखी वाक्यमा रहेर विभिन्न किसिमको काम गर्ने संज्ञा पदका रूपमा यी कारकहरूलाई चिन्न सकिन्छ" (बन्धु, २०७३, पृ.७३) । कारक नाम र सर्वनामसित सम्बन्धित व्याकरणात्मक धारा हो । "क्रियासित प्रत्यक्ष सम्बन्ध राखी क्रियाको कार्यसिद्धिमा सक्रिय हुने नाम र त्यसका सट्टामा आउने सर्वनामले कारकीय भूमिका निर्वाह गर्दछन्" (गौतम र चौलागाई, २०७०, पृ. १९२) । उल्लिखित सन्दर्भहरू केलाउँदा कारक त्यस्तो व्याकरणिक कोटि हो जसले नाम पद र क्रियापदका बिचको सम्बन्धलाई सङ्केत  गर्दछ । कारकका प्रकारबारे विद्वान्हरूमा मतैक्यता नरहेको भएपनि आम रूपमा कारकलाई सरल कारक र तिर्यक कारक गरी दुई भागमा विभाजन गर्न सकिन्छ । नेपाली र दार्चुलेली भाषाका नाम, सर्वनाम र विशेषण शब्दमा देखिने सरल र तिर्यक कारकलाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका ५

*कारकका आधारमा दार्चुलेली र नेपाली भाषा*

| शब्दवर्ग | नेपाली भाषा | | दार्चुलेली भाषा | |
|---|---|---|---|---|
| | सरल कारक | तिर्यक कारक | सरल कारक | तिर्यक कारक |
| नाम | बहिनी भात खान्छे । छोरो लेख्छ । | बहिनीले भात खान्छे । छोराले लेख्छ । | बैनी भात खान्छी । चेलो लेखुन्छ । | बैनीले भात खान्छी । चेलाले लेखुन्छ । |
| सर्वनाम | म भात खान्छु । ऊ किताब पढ्छ । | मैले भात खाए । उसले किताब पढ्यो । | मुई भात खान। ऊ किताब पडुन्छ । | मुइले भात खाया । उइले किताब पड्यो । |
| विशेषण | अग्लो मान्छे आयो । कालो बाखो गयो । | अग्ला मान्छे आए । काला बाखा गया । | लम्भो मान्स्यु आयो । कालो बाकरो गयो । | लम्भा मान्स्यु आया । काला बाकरा गया । |

माथि प्रस्तुत तालिकामा नाममार्फत कारकको प्रस्तुति गर्दा नेपाली भाषामा सरल कारक ‘बहिनी भात खान्छे’ लाई तिर्यक कारक बनाउँदा ‘बहिनीले भात खान्छे’ हुन्छ । त्यसैगरी ‘छोरो लेख्छ’ को ‘छोराले लेख्छ’ हुन्छ । उल्लिखित वाक्य सन्दर्भलाई दार्चुलेली भाषामा देखाउँदा ‘बैनी भात खान्छी’ (सरल वाक्य) लाई ‘बैनीले भात खान्छी’ (तिर्यक कारक) हुन्छ । त्यसैगरी ‘चेलो लेखुन्छ’ (सरल वाक्य) को ‘चेलाले लेखुन्छ’ (तिर्यक कारक) हुन्छ । यहाँ नेपाली भाषाका सरल कारक नामपद ‘बहिनी’ र ‘छोरो’ तिर्यक कारकमा परिवर्तन हुँदा ‘बहिनीले’ र ‘छोराले’ भएको छ । दार्चुलेली भाषाका सरल कारक नामपद ‘बैनी’ र ‘चेलो’ तिर्यक कारकमा परिवर्तन गर्दा क्रमशः ‘बैनीले’ र ‘चेलाले’ हुन्छ । यसरी नेपाली र दार्चुलेली भाषामा नाममार्फत कारकको प्रस्तुति गर्दा समानता देखापर्छ ।

कारकको प्रस्तुति सर्वनाममार्फत गर्दा नेपाली भाषामा ‘म भात खान्छु’ (सरल कारक) को ‘मैले भात खान्छु’ (तिर्यक कारक) हुन्छ । ‘ऊ किताब पढ्छ’ (सरल कारक) को ‘उसले किताब पढ्छ’ (तिर्यक कारक) हुन्छ । उल्लिखित वाक्य सन्दर्भलाई दार्चुलेली भाषामा रूपान्तरण गर्दा ‘मुई भात खान’ (सरल कारक)को ‘मुईले भात खाया’ (तिर्यक कारक) हुन्छ । त्यसैगरी ‘ऊ किताब पडुन्छ’ (सरल कारक) को ‘उइले किताब पड्यो’ (तिर्यक कारक) यहाँ नेपाली भाषाका सरल कारक सर्वनाम पद ‘म’ र ‘ऊ’ तिर्यक कारकमा परिवर्तन हुँदा क्रमशः ‘मैले’ र ‘उसको’ भएको छ भने दार्चुलेली भाषाका सरल कारक सर्वनाम पद ‘मुइ’ र ‘ऊ’ तिर्यक कारकमा परिवर्तन हुँदा क्रमशः ‘मुईले’ र ‘उइको’ भएको छ । यसरी सर्वनाममार्फत कारकको प्रस्तुति गर्दा दार्चुलेली र नेपाली भाषामा समानता देखिन्छ ।

कारकको प्रस्तुति विशेषणमार्फत गर्दा नेपाली भाषामा ‘अग्लो मान्छे’ (सरल कारक) को ‘अग्ला मान्छ’ (तिर्यक कारक) हुन्छ । त्यसैगरी ‘कालो बाखो’ (सरल कारक) को ‘काला बाखा’ (तिर्यक कारक) हुन्छ । उल्लिखित वाक्य सन्दर्भलाई दार्चुलेली भाषामा प्रस्तुत गर्दा ‘लम्भो मान्स्यु’ (सरल कारक) को ‘लम्भा मान्स्यु’ (तिर्यक कारक) हुन्छ । त्यसैगरी ‘कालो बाकरो’ (सरल कारक) को ‘काला बाकरा’ (तिर्यक कारक) हुन्छ । यहाँ नेपाली भाषाका सरल कारक विशेषण पद ‘अग्लो’ र ‘कालो’ तिर्यक कारक हुँदा ‘अग्ला’ र ‘काला’ मा परिवर्तन भएका छन् भने दार्चुलेली भाषाका सरल कारक विशेषण पद ‘लम्भो’ र ‘कालो’ तिर्यक कारक हुँदा ‘लम्भा’ र ‘काला’ भएको छ । यसरी विशेषण मार्फत कारकको प्रस्तुति गर्दा दार्चुलेली र नेपाली भाषामा समानता रहेको पाइन्छ । कारकको प्रयोगमा दार्चुलेली र नेपाली भाषाको व्याकरणिक व्यवस्थामा त्यति ठुलो अन्तर नदेखिए पनि रूपविन्यास र ध्वनिको तहमा असमानता देखिन्छ

**काल**

समय जनाउने व्याकरणिक कोटिलाई काल भनिन्छ । काललाई अङ्ग्रेजीमा tense भनिन्छ । लायन्स (१९६८) लाई जस्ताको तस्तै कोड गरेर गौतम र चौलागाई (२०७०) ले "अङ्ग्रेजीमा कालबोधक 'tense' शब्द ल्याटिन भाषाको समयबोधक 'tempus' शब्दबाट आएको हो" भनी प्रस्तुत गरेका छन् । बन्धु (२०७३) ले काल समयसँग सम्बद्ध व्याकरणात्मक कोटि हो भनेका छन् । तार्किक दृष्टिले काल सामान्यतः तीन छन् : भूत, भविष्यत्, वर्तमान भनी प्रस्तुत गरेका छन् । "वक्ताले त्यो अभिव्यक्ति प्रकट गर्दाका समयविन्दुलाई आधार मानेर क्रियाव्यापारको समय अभिव्यक्त गर्ने कोटिलाई काल भनिन्छ (न्यौपाने र न्यौपाने, २०६३, पृ.१००) । यो धातुबाट व्यक्त हुन्छ । "कालले क्रियाद्वारा वर्णित कार्यव्यापार को समयलाई जनाउँछ" (भुसाल, २०७१, पृ.१२३) । त्यसैगरी शर्मा (२०६६) ले क्रियाको प्रकृतिअनुसार काल तीन किसिमका हुन्छन् : (१) वर्तमान काल : अहिलेको समय जस्तैः जान्छु, गर्दछ, हेर्दछौँ (२) भूत काल अघिको समय जस्तैः गएँ, लेख्यौ (३) भविष्यत्काल पछिको समय जस्तैः म जाने छु, हामी गरौँला । आधुनिक एवम् प्रचलित नेपाली व्याकरणमा क्रियाका उपर्युक्त तीन परम्परित काललाई दुई कालमा समेटेर प्रस्तुत गरिएको छ । "परम्परागत व्याकरणले नेपाली भाषाका काललाई वर्तमान, भूत र भविष्यत् गरी तीन प्रकारमा वर्गीकरण गरेको भए पनि आधुनिक दृष्टिमा यसलाई भूत र अभूत गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ साथै यसको प्रयोग प्रचलन पनि बढ्दै गइरहेको देखिन्छ" (भुसाल, २०७१, पृ. १२३) । नेपाली र दार्चुलेली भाषामा क्रियापदमार्फत कालको प्रस्तुति गर्न सकिन्छ ।

तालिका ६

*कालका आधारमा दार्चुलेली र नेपाली भाषा*

| शब्दवर्ग | नेपाली भाषा | | दार्चुलेली भाषा | |
|---|---|---|---|---|
| | भूतकाल | अभूतकाल | भूतकाल | अभूतकाल |
| क्रियापद | उसले लेख्यो । | ऊ लेख्छ ।<br>ऊ लेख्ने छ । | उइले लेख्यो । | ऊ लेखुन्छ ।<br>ऊ लेखलो । |
| | ऊ लेख्दै थियो । | ऊ लेख्दै छ ।<br>ऊ लेख्दै हुने छ । | ऊ लेख्दु पैरैथ्यो । | ऊ लेख्दु पैरैछ ।<br>ऊ लेख्दु पैरन्याछ । |
| | उसले लेखेको थियो । | उसले लेखेको छ ।<br>उसले लेखेको हुने छ । | उइले लेख्या थ्यो । | उइले लेख्या छ ।<br>ऊ लेख्दु पैरन्याछ । |
| | उसले लेखेन । | ऊ लेख्दैन ।<br>ऊ लेख्ने छैन । | उइले नाइ लेख्यो । | उइले नाइ लेख्यो ।<br>ऊ लेख्द्या हो । |
| | ऊ लेख्दै थिएन । | ऊ लेख्दै छैन ।<br>ऊ लेख्दै हुनेछैन । | ऊ लेख्दु नाइ पैरथ्यो । | ऊ लेख्दुनाइ पैरयो ।<br>ऊ लेख्दु नाइ पैरन्या हो । |
| | उसले लेखेको थिएन । | उसले लेखेको छैन ।<br>उसले लेखेको हुने छैन । | उइले लेख्यो नाइथ्यो । | उइले लेख्या नाइ हो ।<br>उइले लेख्या नाइ हुनो हो । |

माथि तालिकामा प्रस्तुत कालिक विवरणमा नेपाली भाषामा 'उसले लेख्यो' (भूतकाल) को 'ऊ लेख्छ' वा 'ऊ लेख्नेछ' अभूत काल हुन्छ । त्यसैगरी ऊ लेख्दै थियो (भूतकाल) को 'ऊ लेख्दै छ' वा 'ऊ लेख्दै हुने छ' अभूत काल हुन्छ । 'उसले लेखेको थियो' (भूतकाल) को 'उसले लेखेको छ' वा 'उसले लेखेको हुने छ' (अभूतकाल) हुन्छ । अनि 'उसले लेखेन' (भूतकाल) को 'ऊ लेख्दैन' र 'ऊ लेख्ने छैन' (अभूत

काल) हुन्छ। 'ऊ लेख्दै थिएन' (भूतकाल) को 'ऊ लेख्दै छैन' र 'ऊ लेख्दै हुने छैन' (अभूत काल) हुन्छ। उसले लेखेको थिएन (भूत काल) को 'उसले लेखेको छैन' र 'उसले लेखेको हुने छैन' (अभूत काल) हुन्छ।

क्रियापदमार्फत प्रस्तुत काललाई माथि प्रस्तुत वाक्य सन्दर्भअनुसार नै दार्चुलेली भाषामा अनुवाद गर्दा क्रमशः उइले लेख्यो (भूतकाल) को 'ऊ लेखुन्छ' र 'ऊ लेखलो' (अभूतकाल) हुन्छ। 'ऊ लेख्दु पैरैथ्यो' (भूतकाल) को 'ऊ लेख्दु पैरैछ' र 'ऊ लेख्दु पैरन्याछ' अभूतकाल) हुन्छ। 'उइले लेख्याथ्यो' (भूतकाल) को 'उइले लेख्या छ' र 'ऊ लेख्लाइन्याछ' (अभूतकाल) हुन्छ। उइले नाइ लेख्यो (भूतकाल) को 'ऊ नाइ लेख्दो' र 'ऊ नाइ लेख्द्या हो' (अभूतकाल) हुन्छ। 'ऊ लेख्दु नाइ  पैरैथ्यो' (भूतकाल) को 'ऊ लेख्दु नाइ पैरयो' र 'ऊ लेख्दु नाइ पैरन्या हो' (अभूतकाल) हुन्छ। त्यसैगरी 'उइले लेख्यो नाइथ्यो' (भूतकाल) को 'उइले लेख्या नाइ हो' र 'उइले लेख्या नाइ हुनोहो' हुन्छ। उल्लिखित क्षेत्रमा दार्चुलेली मातृभाषीले मानक नेपाली प्रयोगमा त्रुटि गर्न सक्दछन्। कालको प्रयोगमा दार्चुलेली र नेपाली भाषाको व्याकरणिक व्यवस्थामा अन्तर नदेखिए पनि रूपविन्यास र ध्वनिको तहमा असमानता देखिन्छ।

**पक्ष**

क्रियाको पक्ष (Aspect) भनेको त्यस कालको सीमाभित्र भएको घटना वा कार्यविशेषको विशेष अवस्था हो। "पक्ष क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो र यसले काम कुन कालावधिमा भयो भन्ने बताउँछ" (बन्धु, २०७३, पृ.७५)। यसले समयको सूक्ष्म रूपलाई सङ्केत गर्दछ। "क्रियाव्यापारको समयको विशेष सन्दर्भ अर्थात् पूर्णता, अपूर्णता, ज्ञात, अज्ञात, निरन्तरता जस्ता विशेष अवधि, प्रक्रिया आदि बुझाउन धातुमा सर्ग लागेर बनेको व्याकरणिक धारालाई पक्ष भनिन्छ" (न्यौपाने र न्यौपाने, २०६३, पृ.१००)। "काल समयको सामान्य वा मोटो विभाजनका रूपमा र पक्ष त्यसको विशेष वा मसिनो विभाजनका रूपमा देखिन्छ" (शर्मा, २०६६, पृ.२३८)। "पक्षले खास कालको परिवेशभित्र क्रियाका कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ। त्यसैले यसबाट क्रियाका विभिन्न अवस्था वा चरण व्यक्त हुन्छन्" (अधिकारी, २०७१, पृ. १३४)। पक्षलाई विशेष काल पनि भनिन्छ। "क्रियामा व्यक्त समय (काल) सँग क्रियामा व्यक्त घटनाको अवस्थालाई जोड्ने व्याकरणिक अभिलक्षण पक्ष हो" (यादव र रेग्मी, २०५९, पृ.२०७)। "पक्षले क्रियापदले बुझाउने सूक्ष्म समयलाई सङ्केत गर्ने हुँदा यसलाई कालभित्रको काल पनि भनिन्छ। विशेषतः क्रियामा जोडिने प्रत्यय वा सर्गले पक्षलाई जनाउँछ" (भुसाल, २०७१, पृ.१२४)। नेपाली भाषामा सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पक्षका पाँच प्रकार रहेका छन्।

तालिका ७

*पक्ष व्यवस्थाका आधारमा नेपाली र दार्चुलेली भाषा*

| | **नेपाली भाषा** | | **दार्चुलेली भाषा** |
|---|---|---|---|
| **पक्ष** | **उदाहरण** | **पक्ष** | **उदाहरण** |
| सामान्य | भाइ पढ्छ, भाइले पढ्यो, भाइ पढ्ने छ । | सामान्य | भाप्पा पडुन्छ, भाप्पाले पड्यो, भाप्पा पडलो |
| अपूर्ण | भाइ पढ्दै छ, भाइ पढ्दै थियो, भाइ पढ्दै हुने छ । | अपूर्ण | भाप्पा पड्ढु लारैछ; भाप्पा पड्डु पैरैथ्यो, भाप्पा पड्डु पैरन्याछ । |
| पूर्ण | भाइले पढेको छ, भाइले पढेको थियो, भाइले पढेको हुने छ । | पूर्ण | भाप्पाले पड्या छ । भाप्पाले पड्या थ्यो, भाप्पा पड्डु पैरन्याछ । |
| अज्ञात | भाइले पढेछ । | अज्ञात | भाप्पाले पडेछ । |
| अभ्यस्त | भाइ पढ्थ्यो । | अभ्यस्त | भाप्पा पडुन्थ्यो । |

प्रस्तुत तालिकामा नेपाली भाषाको सामान्य पक्षअन्तर्गत 'भाइ पढ्छ', 'भाइले पढ्यो', 'भाइ पढ्ने छ' भन्ने वाक्यहरूलाई दार्चुलेली भाषामा अनुवाद गर्दा क्रमशः 'भाप्पा पडुन्छ', 'भाप्पाले पड्यो' र 'भाप्पा पडलो' प्रयोग भएको छ । नेपाली भाषाका सापेक्षतामा दार्चुलेली भाषामा सामान्य पक्षमा अन्तर भाषिक रूपान्तरण गर्दा ध्वनि र रूपमा परिवर्तन देखापरेको छ । नेपाली भाषामा अपूर्ण पक्षअन्तर्गतका वाक्यहरू 'भाइ पढ्दै छ', 'भाइ पढ्दै थियो', 'भाइ पढ्दै हुने छ' लाई दार्चुलेली भाषामा रूपान्तरण गर्दा क्रमशः 'भाप्पा पड्डु लारैछ', 'भाप्पा पड्डु पैरैथ्यो' र 'भाप्पा पड्डु पैरन्याछ' प्रयोग छ । यहाँ पनि नेपाली भाषाको सापेक्षतामा दार्चुलेली भाषामा रूप र ध्वनिमा भिन्नता देखिएको छ ।

नेपाली भाषाका पूर्ण पक्षअन्तर्गतका वाक्यहरू 'भाइले पढेको छ', 'भाइले पढेको थियो', 'भाइले पढेको हुनेछ' लाई दार्चुलेली भाषामा अनुवाद गर्दा क्रमशः 'भाप्पाले पड्या छ', 'भाप्पाले पड्याथ्यो' र 'भाप्पा पड्डु पैरन्याछ' हुन्छ । नेपाली भाषाको पूर्ण पक्षका लागि प्रयुक्त क्रियापद र दार्चुलेली भाषामा प्रयुक्त क्रियापदहरूमा व्याकरणिक दृष्टिले समानता भएपनि रूप र ध्वनिमा व्यापक अन्तर देखिन्छ ।

नेपाली भाषाको अज्ञात पक्षअन्तर्गतको 'भाइले पढेछ' वाक्यलाई दार्चुलेली भाषामा परिवर्तन गर्दा 'भाप्पाले पडेछ' भन्ने हुन्छ । त्यसैगरी नेपाली भाषाको पूर्ण पक्षअन्तर्गतको वाक्य 'भाइ पढ्थ्यो' लाई दार्चुलेली भाषामा 'भाप्पा पडुन्थ्यो' भनी प्रयोग भएको छ । यहाँ दार्चुलेली र नेपाली भाषामा पक्ष जनाउन प्रयोग भएका क्रियापदहरूमा रूपगत र ध्वन्यात्मक असमानता रहेको छ । यस्तो असमानताका कारण दार्चुलेली मातृभाषी वक्ताले मानक नेपाली भाषाको प्रयोगमा त्रुटि गर्ने हुन्छ । पक्षको प्रयोगमा दार्चुलेली र नेपाली भाषाको व्याकरणिक व्यवस्थामा अन्तर नदेखिए पनि रूपविन्यास र ध्वनिको तहमा असमानता देखिन्छ ।

**भाव**

क्रियाद्वारा वक्ताको मनोभाव तथा मनोवृत्ति जनाउने कोटिलाई भाव (वृत्ति) भनिन्छ । "ने पालीमा व्याकरणात्मक दृष्टिले चिह्नित हुन सक्ने भाव मुख्यतः तीन किसिमका छन् (१) विधयर्थ (२)

सम्भावनार्थ र (३) सङ्केतार्थ" (अधिकारी, २०७१, पृ.१३८) । "क्रियामा निहित इच्छा, सम्भावना, आज्ञा आदि वक्ताको आशय अर्थ वा भाव अभिव्यक्ति गर्ने व्याकरणात्मक धारा अर्थ हो । यसलाई नेपालीमा भाव पनि भनिन्छ" (गौतम र चौलागाई, २०७०, पृ.१९७) । "क्रियापदद्वारा प्रकट हुने वक्ता वा लेखकको मनसाय वा अभिवृत्तिलाई भाव भनिन्छ । यसलाई अर्थ वा वृत्ति वा भनिएको छ" (भुसाल, २०७१, पृ.१२४) । त्यसैगरी शर्मा (२०६६) ले नेपालीमा भाव तीन प्रकारका छन्, एउटा सामान्यार्थक, अर्को विध्यर्थक र तेस्रो अनिश्चयार्थक । "यिनमा पनि विध्यर्थक र अनिश्चयार्थकका दुईदुई भेद गर्दा पाँच प्रकारका हुन्छन्" (शर्मा, २०६६, पृ.२४२) । शर्माका अनुसार पाँच भेदअन्तर्गत सामान्यार्थक, आज्ञार्थक, इच्छार्थक, सम्भावनार्थक र सङ्केतार्थक हुन् । नेपाली भाषामा देखिने भावको उपर्युक्त अवस्थालाई र दार्चुलेली भाषामा प्रयोग गर्दा देखिने अवस्थालाई यहाँ चर्चा गरिएको छ ।

तालिका ८

*भाव व्यवस्थाका आधारमा दार्चुलेली र नेपाली भाषा*

| | **नेपाली भाषा** | | **दार्चुलेली भाषा** |
|---|---|---|---|
| **भाव** | **उदाहरण** | **भाव** | **उदाहरण** |
| सामान्यार्थक | म घर जान्छु । | सामान्यार्थक | मुई घर झान । |
| आज्ञार्थक | तिमी कविता लेख । | आज्ञार्थक | तुइ कविता लेख । |
| ईच्छार्थक | हामी असल मान्छे बनौं । | ईच्छार्थक | हम निका मान्स्यु होइझौं । |
| सम्भावनार्थक | तिनीहरू देलान् । | सम्भावनार्थक | तिनुन दिन्ना । |
| सङ्केतार्थक | पढे पास भइन्छ । | सङ्केतार्थक | पड्याबटी पास होइएलो । |

नेपाली भाषामा सामान्यार्थक जनाउने वाक्य 'म घर जान्छु' लाई दार्चुलेली भाषामा 'मुई घर झान' भनिएको छ । त्यसैगरी नेपाली भाषाको आज्ञार्थ भाव 'तिमी कविता लेख' लाई दार्चुलेली भाषामा 'तुई कविता लेख' भनिएको छ । नेपाली भाषाको हामी असल मान्छे बनौं (इच्छार्थक) दार्चुलेली भाषाको 'हम निका मान्स्यु होइझौ' (इच्छार्थक) भनिन्छ । नेपाली भाषाको 'तिनीहरू देलान्' (सम्भावनार्थ) लाई दार्चुलेलीमा 'तिनुन दिन्ना' (सम्भावनार्थ) प्रयोग हुन्छ । त्यसैगरी नेपाली भाषामा 'पढे पास भइन्छ' (सङ्केतार्थ) लाई दार्चुलेली भाषाको 'पड्याबरी पास होइएलो' (सङ्केतार्थ) प्रयोग हुन्छ । भावको प्रयोगमा दार्चुलेली र नेपाली भाषाको व्याकरणिक व्यवस्थामा अन्तर नदेखिए पनि रूपविन्यास र ध्वनिको तहमा असमानता देखिन्छ ।

**वाच्य**

कर्ता, कर्म र क्रियाको प्रधानता जनाउन आउने व्याकरणिक कोटिलाई वाच्य भनिन्छ । भाषामा वाच्यको प्रस्तुति क्रियामार्फत हुन्छ । यादव र रेग्मी (२०५९) ले क्रियाले जे बुझाउँछ त्यो वाच्य हो भन्दै वाच्य क्रियामा देखिने व्याकरणिक अभिलक्षण हो भनेका छन् । क्रियाले वाक्यमा कि कर्ता बुझाउँछ कि कर्म बुझाउँछ कि ती दुबै बुझाउँदैन । "अर्थमा परिवर्तन नगरी वाक्यमा क्रियाको सम्बन्ध कर्ता र कर्मसँग फेर्ने ढङ्गलाई वाच्य भन्दछन्" (शर्मा, २०६६, पृ.२४५) । "भाषा व्याकरणका सन्दर्भमा वाच्य शब्दले वाक्यभित्र क्रियाका माध्यमबाट व्यक्त हुने कोटिमध्ये कुनलाई प्रधान वा मुख्य रूपमा भनिएको छ भन्ने कुरालाई बुझाएको छ" (गौतम र चौलागाई, २०७०, पृ.२००) । "वाच्यले वाक्यान्तरिक घटकको

सम्बन्धलाई जनाउँदछ्" (भुसाल, २०७१, पृ.१२४) । "वाक्यको कर्ता सक्रिय हुँदा कर्तृवाच्य र कर्ता सक्रिय नहुँदा कर्म वा भाव वाच्य भनिन्छ्" (बन्धु, २०७३, पृ.७६) । त्यसैगरी अधिकारी (२०७१) का अनुसार वाच्य मुख्यतः क्रियासित सम्बन्धित भएर व्यक्त हुन्छ । वाक्यतत्वको वाच्यता वा प्रधानताका आधारमा नेपालीमा वाच्यहरू तीन किसिमका (कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य) हुन्छन् । दार्चुलेली र नेपाली दुवै भाषामा वाच्यको प्रयोगलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

तालिका ९

*वाच्य व्यवस्थाका आधारमा दार्चुलेली र नेपाली भाषा*

| **वाच्य** | **नेपाली भाषा** | **दार्चुलेली भाषा** |
|---|---|---|
| कर्तृवाच्य | मैले भात खाएँ ।<br>सीता खेल्छिन् । | मुईले भात खाया ।<br>सीता खेलुन्छी । |
| कर्मवाच्य | भात खाइयो ।<br>लुगा धोइँदैन । | भात खाय्यो ।<br>कापाडा नाइ धोइना । |
| भाववाच्य | हाँसियो । | हाँस्यो । |

माथि प्रस्तुत तालिकामा नेपाली भाषाका कर्तृवाच्यात्मक वाक्य 'मैले भात खाएँ', 'रीता खेल्छिन्' लाई दार्चुलेली भाषामा प्रस्तुत गर्दा 'मुईले भात खाया' र 'सीता खेलुन्छी' भएको छ । यहाँ प्रस्तुत वाक्यहरूमा कर्ताको प्रधानता रहेको छ । त्यसैले कर्ता अनुसारकै लिङ्ग, वचन, पुरुषको क्रियापद प्रयोग भएको छ । त्यसैगरी नेपाली भाषाका कर्मवाच्यात्मक वाक्यहरू 'भात खाइयो' र 'लुगा धोइँदैन' लाई दार्चुलेली भाषामा प्रस्तुत गर्दा 'भात खाय्यो' र 'कापाडा नाइ धोइना' भएको छ । यी वाक्यहरूमा कर्मको प्रधानता रहेको छ । नेपाली भाषाको भाववाच्यमा 'हाँसियो' लाई दार्चुलेलीमा 'हाँस्यो' प्रयोग भएको छ । यहाँ भाव वा अर्थको प्रधानता रहेको देखिन्छ । वाच्यको प्रयोगमा दार्चुलेली र नेपाली भाषाको व्याकरणिक व्यवस्थामा अन्तर छैन यद्यपि रूपविन्यास र ध्वनिको तहमा असमानता देखिन्छ ।

## निष्कर्ष

नेपाली भाषा नेपालका सबैभन्दा धेरै ४४.६३ प्रतिशत नेपालीहरूको मातृभाषा हो । नेपाली भाषा नेपालभित्र सबै जातजातिको साझा सम्पर्कको भाषा पनि हो । नेपाल अधिराज्यको संविधान २०१५ बाट संवैधानिक मान्यता पाएको नेपाली भाषामा प्रशस्त मात्रामा साहित्यको विकास भइसकेको विकसित भाषा हो । दार्चुलेली भाषा भने दार्चुला जिल्लामा खस आर्यहरूले बोल्ने भाषा हो । बालकृष्ण पोखरेलको अध्ययनअनुसार नेपाली भाषाका पाँच भाषिकामध्ये परपच्छिमा भाषिकामा पर्ने दार्चुलेली भाषाले २०६८ को राष्ट्रिय जनगणनापछि मात्रै भाषाको मान्यता पाएको देखिन्छ । २०६८ को जनगणनाअनुसार ०.०२२३ प्रतिशत मातृभाषी वक्ता रहेको दार्चुलेली भाषामा भर्खरै मात्र छिटफुट मात्रामा लेख्य सामग्री उत्पादन हुन थालेका छन् । उल्लिखित पृष्ठभूमि भएका दुई भाषाहरूको व्याकरणात्मक कोटिका आधारमा तुलना गर्ने कार्य यस लेखमा गरिएको छ ।

व्याकरणात्मक कोटिअन्तर्गत लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, भाव, वाच्य र आदरका आधारमा दार्चुलेली भाषा र नेपाली भाषाको अध्यनय गर्ने कार्य प्रस्तुत लेखमा भएको छ । यसरी अध्ययन

हुँदा दुई भाषाका विभिन्न व्यवस्थामा देखिएका समानता र असमानतालाई केलाउँदै असमानता भएका ठाउँमा दार्चुलेली मातृभाषीले नेपाली भाषा प्रयोग गर्दा गर्न सक्ने सम्भाव्य त्रुटिलाई समेत यस लेखमा सङ्केत गर्न खोजिएको छ । व्याकरणिक कोटिका आधारमा मानक नेपाली भाषासित दार्चुलेली भाषाको तुलनात्मक अध्ययन गर्दा ध्वन्यात्मक तथा रूपगत आधारमा अधिकांश ठाउँमा फरकपन देखिएको छ भने व्याकरणिक नियमका दृष्टिले केही ठाउँमा समानता र केही ठाउँमा भिन्नता देखापरेको छ ।

लिङ्ग व्यवस्थाका आधारमा अध्ययन गर्दा नेपाली भाषा र दार्चुलेली भाषामा नामिक शब्दको रूपमा भिन्नता देखिएको छ । भेदक विशेषणको प्रयोगमा दार्चुलेली भाषामा लिङ्ग भेद देखिएको छैन भने केही स्थानमा निर्जीव वस्तुसँग लाग्ने क्रियापदमा लिङ्ग भेद देखिएको छ । जुन नेपाली भाषाको व्याकरण व्यवस्थासित भिन्न देखिन्छ । वचन व्यवस्थाका आधारमा अध्ययन गर्दा नेपाली भाषामा बहुवचनबोधक सर्ग 'हरू' को ठाउँमा दार्चुलेलीमा 'राठ' र 'न' सर्गको प्रयोग पाइन्छ । आदर व्यवस्थाको सन्दर्भमा नेपालीमा आदरका तह तीनदेखि पाँचसम्म देखिए पनि दार्चुलेली भाषामा आदरका दुई तह मात्रै देखिएका छन् । त्यसैगरी अन्य व्याकरणिक कोटिहरूअन्तर्गत पर्ने पुरुष, कारक, काल, पक्ष, भाव, वाच्यहरूमा व्याकरणिक व्यवस्थामा त्यति ठुलो अन्तर नदेखिए पनि रूपविन्यास र ध्वनिको तहमा असमानता देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज, (२०७१), समसामयिक नेपाली व्याकरण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
गुणे, पाण्डुरंग दामोदर (सन् २०१८), तुलनात्मक भाषाविज्ञान, दिल्ली : मोतीलाल बनारसीदास ।
गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), भाषाविज्ञान, काठमाडौँ : पाठ्य सामग्री पसल ।
नेपाल सरकार (२०७२), नेपालको संविधान, काठमाडौँ : कानून किताब व्यवस्था समिति ।
न्यौपाने, टङ्कप्रसाद, र न्यौपाने, दीपकप्रसाद (२०६३ ), रूपविज्ञान, काठमाडौ : भुँडीपुराण प्रकाशन ।
पोखरेल, माधवप्रसाद (२०५४), नेपाली वाक्य व्याकरण, काठमाडौँ : एकता बुक्स ।
पौडेल, राजेन्द्र र भट्टराई, रमेश (२०७७), नेपालको भाषानीति र योजना आधार, काठमाडौँ : इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।
पौडेल,हेमनाथ, भट्टराई, रमेशप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०७७), प्रज्ञा नेपाली शैक्षणिक व्याकरण, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
पौड्याल, कृष्णविलास (२०७६), सैद्धान्तिक भाषाविज्ञान, काठमाडौँ : ट्रिनिटी पब्लिकेसन प्रा.लि. ।
बन्धु, चूडामणि (२०५३), भाषाविज्ञान, ललितपुर : साझा प्रकाशन ।
भाषा आयोग (२०७७) भाषा आयोगको वार्षिक प्रतिवेदन, काठमाडौँ ।
भुसाल, केशव (२०७१), भाषाविज्ञान, काठमाडौँ : पाठशाला पब्लिकेसन ।
यादव, योगन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८), भाषाविज्ञान, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।
लायन्स,जे (सन् १९७१), इन्ट्रोडक्सन टु थ्यौटिकल लिङ्ग्युस्टिक्स, क्याम्ब्रिज : युनिभर्सिटी प्रेस ।
लावती, हरिचन्द्र (२०७६), तुलनात्मक रूप व्याकरण, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
शर्मा, मोहनराज (२०६६), शब्दरचना र वर्णविन्यास, काठमाडौँ : नवीन प्रकाशन ।
श्रीवास्तव, रवीन्द्रनाथ (सन् २०१०), अनुप्रयुक्त भाषाविज्ञान सिद्धान्त एवं प्रयोग, दिल्ली : बी.के. आँफसेट ।